# नेपाल नर्सिङ्ग परिषद्

स्थापित २०५३

पत्र संख्याः

## नेपाल नर्सिङ परिषद्को नाम दर्ता प्रमाण-पत्र परीक्षा सम्बन्धी सूचना

**(मितिः २०८०।१०।१८)**

नेपाल नर्सिङ परिषद्द्वारा लिइने आगामी नाम दर्ता परीक्षा वार्षिक कार्य तालिका अनुसार **२०८० साल चैत्र ३** गते हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । परीक्षामा सामेल हुने परीक्षार्थीहरु न्यूनतम प्रविणता प्रमाण-पत्र तह नर्सिङ (PCL Nursing) वा बि.एस्सी नर्सिङ (B.Sc. Nursing) उत्तीर्ण भएको हुनुपर्नेछ ।

| | |
|---|---|
| Online फाराम बुझाउने मिति | - २०८०।१०।२१ देखि २०८०।११।२१ गते सम्म |
| Online दोब्बर दस्तुरबुझाउने मिति | - २०८०।११।२२ देखि २०८०।११।२४गते कार्यालय समय ५:०० बजे सम्म |
| परीक्षा हुने मिति | - २०८०।१२।०३ गते शनिबार |

- अनलाईन फाराम भर्नको लागि **परीक्षाको लिंक exam.nnc.org.np** मा गई दिईएको निर्देशन बमोजिम गर्नुपर्नेछ । अनलाईन बाहेक अन्य कुनै पनि माध्यमबाट परीक्षाको आवेदन फाराम बुझाउँन पाईने छैन ।
- अनलाईन फाराम भर्दा परीक्षार्थीले आफ्नै ईमेल र मोबाईल नम्बर प्रयोग गर्नुपर्नेछ ।
- परीक्षा दस्तुर **रु. ३१००।- (रुपैयाँ तीन हजार एक सय मात्र) र दोब्बर दस्तुर रु. ६१००।- (रुपैयाँ छ हजार एक सय मात्र)** Online Payment Gateway Khalti मार्फत बुझाउँनु पर्नेछ ।
- नाम दर्ता परीक्षाको लिखित परीक्षामा १५० प्रश्नहरु सोधिनेछ र पुर्णाङ्क १५० हुनेछ । उत्तिर्ण हुन ५०% अंक ल्याउनु पर्नेछ ।
- परीक्षामा बस्न योग्य हुनको लागि आवश्यक सम्पूर्ण शैक्षिक योग्यताको प्रमाण–पत्रहरु मिति २०८०।११।२१ गते सम्ममा परीक्षाफल प्रकाशित भै जारी भएको हुनुपर्नेछ ।
- प्रविणता प्रमाण-पत्र तह नर्सिङ (PCL Nursing) र बि.एस्सी नर्सिङ (B.Sc. Nursing) को लागि छुट्टाछुट्टै प्रश्नपत्रबाट परीक्षा संचालन हुने हुँदा परीक्षार्थीहरुले प्रष्ट बुझिनेगरि आफ्नो तह अनुसारको **अनलाईन फाराम** भर्नुपर्नेछ । अन्यथा हुन गएमा परिषद् जवाफदेहि हुनेछैन ।
- Test Guideline परिषद्को Website बाट download गर्न सकिनेछ ।
- परीक्षा केन्द्र र परीक्षा शुरु हुने समय लगायत अन्य जानकारी प्रवेश पत्र (Admit card) मा उल्लेख गरिनेछ ।
- Test Guideline मा तोकिएको बाहेक अन्य परीक्षार्थीले **अनलाईन फाराम** भरेमा सोको लागि बुझाएको दस्तुर फिर्ता हुने छैन ।
- नेपाल नर्सिङ परिषद्को परीक्षा समितिले आवश्यक ठानेमा परीक्षार्थीहरुसँग अन्तर्वार्ता समेत लिन सक्नेछ ।
- २०७७ साल असोज १५ गते (October 1st, 2020) देखि नेपाल बाहिर अध्ययन गर्ने परीक्षार्थीले चिकित्सा शिक्षा आयोगको eligibility letter अनिवार्य रुपमा upload गर्नुपर्नेछ ।
- परीक्षार्थीले पालना गर्नुपर्ने आचरण सम्बन्धि परिषद्को Website मा राखिएको फाराम download गरि परीक्षार्थी स्वयमले दस्तखत सहित upload गर्नुपर्नेछ ।
- परीक्षा सम्बन्धी विस्तृत जानकारी यस परिषद्को Website **www.nnc.org.np** मा हेर्न सकिनेछ । आवश्यक परेको खण्डमा यस कार्यालय/फो.नं. **०१–४३७२५२१** मा सम्पर्क गर्न सकिनेछ ।

२०८०.१०.१८

परीक्षा समिति<br>
नेपाल नर्सिङ परिषद्<br>
बाँसबारी, काठमाडौ ।